जब कुनै व्यक्ति आफ्नो घरमा प्रवेश गर्दा र खाना खान सुरु गर्दा अल्लाहको नाम लिन्छ, तब शैतानले आफ्ना साथीहरूलाई भन्छ: "यहाँ तिमीहरूका लागि न त बास बस्ने ठाउँ छ, न त खानाको व्यवस्था

जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, "जब कुनै व्यक्ति आफ्नो घरमा प्रवेश गर्दा र खाना खान सुरु गर्दा अल्लाहको नाम लिन्छ, तब शैतानले आफ्ना साथीहरूलाई भन्छ: "यहाँ तिमीहरूका लागि न त बास बस्ने ठाउँ छ, न त खानाको व्यवस्था।"
तर यदि त्यो व्यक्तिले घर प्रवेश गर्दा अल्लाहको नाम लिँदैन भने, शैतानले आफ्ना साथीहरूलाई भन्छ: "तिमीहरूले बास बस्ने ठाउँ भेट्टायौ।" र यदि खाना खाँदा पनि
अल्लाहको नाम लिँदैन भने, शैतानले भन्छ: "तिमीहरूले बास बस्ने ठाउँ र खाना दुवै भेट्टायौ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरमा प्रवेश गर्दा र खाना खानु अघि अल्लाहको नाम लिन आदेश दिनुभएको छ । जब एक व्यक्तिले घरमा प्रवेश गर्दा र खाना खानु अघि 'बिस्मिल्लाह' भन्छ, तब शैतानले आफ्ना सहयोगीहरूलाई भन्छ, यस घरमा तिमीहरूका लागि न त रात बिताउने ठाउँ छ, न त खाने व्यवस्था, किनकि घरको मालिकले अल्लाहको नाम लिएर तिमीहरूबाट आफूलाई सुरक्षित गरेको छ । यसको विपरित, जब कुनै व्यक्ति घरमा प्रवेश गर्छ र घरमा प्रवेश गर्दा र खाना खाँदा अल्लाहको नाम लिँदैन, तब शैतानले आफ्ना सहयोगीहरूलाई त्यो घरमा रात बिताउने ठाउँ र खाना खाने प्रबन्ध दुबै भेट्टाएको भनेर बताउँछ ।

http://sunnah.global/hadeeth/ne/show/3037